# खम्बा: एक अर्ध भ्रमणशील जाति

नवीन कुमार राई

यहां 'खम्बा' भन्नाले वि०सं० २०१६ (१९५९ इ०सं०) तिर चिनियाहरू तिब्बत आए पछि नेपाल पसी हिमाली भेकमा पूर्व देखि पश्चिमसम्म शरणार्थीको रूपमा रहने जातिलाई भनिएको होइन । यस लेखका 'खम्बा' वा 'खम्पा' पश्चिम नेपालका कर्णाली, सेती, भेरी, र राप्ती अन्चलहरूका एक अर्ध-भ्रमणाशील (Semi-Nomadic) जाति हुन् । यिनीहरूको जनसख्या १५००-२००० सम्म हुनु पर्दछ । यी खम्वाहरू राउटे [१] जाति जस्ता भोजनको खोजी गर्ने अवस्था (Food gathering stage) का भ्रमणाशील (Nomadic) नभएर व्यापारको लागि ग्रीष्म र शीत ऋतुहरूमा वासस्थान बदल्ने जाति भएकोले अर्ध-भ्रमणाशील भनिएको हो ।

नेपालका अर्ध-भ्रमणाशील जातिहरूमा कुसुण्डा [२] जातिको नाम पनि आउंदछ, तर खम्बा र कुसुण्डाहरूमा यसरी अर्ध-भ्रमणाशील भएर वस्न पर्ने कारण र उद्देश्यहरू फरक छन् । खम्वाहरू दार्चुलाका व्यांसी [३] जाति जस्तै नून-अन्न व्यापार गर्ने तिब्वत (चीन) देखि नेपालको तराईसम्म वर्षेनी घुम्ने र ग्रीष्म र शीत वासस्थान (Summer and winter settlements) बदल्ने गर्दछन् भने कुसुण्डाहरू यस्तो व्यपार नगरी केही खेती गरेर, केही समय भोजन अन्नको खोजीमा यताउता घुम्ने गर्दछन् ।

खम्बाहरू ग्रीष्म र शीत वासस्थानमा सम्पूर्ण परिवार साथ रहन्छन् । प्राय: शीत वासस्थानमा ५ महीना (मंसिरदेखि चैत्रसम्म) र ग्रीष्म वासस्थानमा ५ महीना (जेष्ठ देखि असोज सम्म) बिताउने गर्दछन् । ग्रीष्म वासस्थानको लागि उकालो र शीत वासस्थानको लागि ओरालोमा बांकी २ महीना (वैशाख र कार्तिक) बित्दछ । यसैले नेपालको पश्चिमी क्षेत्रमा वसांइ (Migration) अध्ययन गर्नेहरूले यी खम्बाहरूलाई मौसमी वसाइं सर्ने (Seasonal migrants) वा (Seasonals) भनेका छन् । [४]

खम्वाहरूलाई आफनो इतिहास थाहा छैन । उनीहरू कहिले, कहांवाट आए भन्ने कुरा अरूलाई बताउन पनि मान्दैनन् । वास्तवमा यी खम्वाहरू हुम्ला तथा मुगु वरिपरिका भोटे [५] जाति तिब्वत तिरवाट आई बस्ती वसाले पछि तिव्वत वाटै अर्को हूल आइ अर्ध-भ्रमणशील भएर वसेका हुन् भन्ने अनुमान लगाइन्छ । अनुहार, भाषा, धर्म, वेषभूषा पेशा र भ्रमणशील प्रवृति हेर्दा यो अनुमान मिल्न पनि आउंछ । आजकल पनि चीनको तिब्वती भागमा 'छोबा' (व्यापार र पशुपालनको पेशा गर्ने गृहस्थी जाति), 'खम्वा' (चीनियाहरू तिव्वत

आउन अघि राजकाल चलाउने जाति), 'पुराङ०वा ' (पुराङ० देश, ' ताक्लाकोट वरिपरि खेती र केही व्यपार गर्ने जाति) आदि छन् । यी अर्ध-भ्रमणशील खम्बा र तिव्वतका खम्बा-हरूको बीच ऐतिहासिक सम्बन्ध अवश्यै हुनु पर्दछ । यी खम्बाहरू कुनै समयको राजनैतिक उथल पुथल वा धार्मिक झगडामा तिव्वत छाडी नेपाल पसेका हुन सक्छन् । अहिले पनि चीनियाहरू तिव्वत आए पछि भागेर नेपाल पसेका खम्बा, छोवा, पुराङ०वा आदि जातिहरू शरणार्थी को रूपमा रहेका हामी देख्दछौं । आउने पुस्ताहरूमा यी शरणार्थीहरू स्थायी रूपले वसोबास गरी तिव्वतवाट नेपाल आएको कुरा विर्सन खोजे हामीलाई आश्चर्य मान्नु पर्ने छैन ।

खम्बाहरू नेपालमा मात्र होइन, भारतका हिमाचल र पंजाव प्रान्तहरूतिर पनि पाइन्छन् । लेखकको किनौर (हिमाचल प्रदेशको उत्तर पूर्वमा भारत-चीन सीमानामा पर्ने एउटा जिल्ला) को काल्पा, पूह र निचार क्षेत्रहरूको १९७१ सितम्वर-नोमेम्बरको भौतिक मानव शास्त्रीय अध्ययन भ्रमणमा केही खम्पाहरूसंग भेट भएको थियो । चिनियाहरू तिव्वत आएपछि यिनीहरूको पश्चिमी तिव्वत जान बन्द भएको कुरा सुन्ने मौका मिलेको थियो । चीनियाहरू को आगमन अघि किनौर भ्रमण गर्ने लेखकहरूले त्यहांका खम्पाहरूबारे लेखेका छन् ।

राहुल सांकृत्यायन (१९४८), जसले १९२६ सालमा तिव्वत पनि भ्रमण गरेका थिए, 'किन्नर देश ' मा खम्पा बारे यसरी लेख्छन् ......"खम् तिव्वतमा चीनको सिमानामा पर्ने एक प्रदेश हो । शायद यिनको (खम्पाको) पूर्वजहरू मध्ये कोही कुनै समयमा खम्देखि घुम फीर गर्ने यता आएका हुन सक्छन् तर अब यिनीहरू न भाषामा खम्का जस्ता छन्, न वेषभूषामै । शायद यसैले यिनीहरूलाई खालि खम्पा (खम् वाला) नभनी 'ग्यगर (भारत) खम्पा ' भनिन्छ । यिनीहरूको काम सानो तिनो सौदा किनेर यतादेखि उता बेच्नु हो । जाडोमा यिनीहरू मंडी, शिमला, हरिद्वार, दिल्ली सम्म पुग्दछन् अनि गर्मीमा सतलज र गंगा घांटीहरू देखि पश्चिमी तिव्वतसम्म । यिनीहरू तिव्वती प्रजा हुन् वा भारतीय, यसको जवाफ पनि यिनीहरू आफैं ठीकसंग दिन सक्दैनन् ".............. [६]

आजकल खम्बाहरू आफूलाई 'मतुवाली क्षेत्री ' [७] पनि भन्ने गर्दछन् । त्यस भेकका खम्बाहरू मात्र होइन, व्यांसी, भोटे आदि जातिहरू पनि आफूलाई 'मतुवाली क्षेत्री ' भन्न थालेका छन् । औसत भोटे, खम्वा र व्यांसीहरू आर्थिक दृष्टिकोणले अरू हिन्दू जातिको तुलनामा वढी सम्पन्न भए पनि अशिक्षित र अपठित भएर अल्पसख्यक हिन्दूहरूवाट हेय दृष्टिले हेरिन्छन् । यसर्थ आफनो जातीय नाम, वेषभूषा, भाषा आदि बदल्ने र नयां तथा कृत्रिम इतिहास बनाउने प्रवृति यी जातिहरूमा देखिएको हो । करण 'दरा '(पानी ढलोको

आधारमा छुट्याएको एउटा भौगोलिक -प्रशासनिक क्षेत्र) का एक खालका भोटेहरू आफ्नो पिता पुर्खा वारकोटे बाडा (जुम्ला) का वारकोटे ठकुरी हुन् भन्ने दावी गरी अरू भोटेहरू भन्दा आफ्नो स्थान उच्च बनाउंछन् । यसरी आफ्नो इतिहास, जातीय नाम, थर, धर्म, भाषा आदि बदल्ने प्रवृति अरू जातिहरूमा पनि नपाइएको होइन । कुमाऊ, गडवाल (उत्तर प्रदेश) र पश्चिम नेपालका `खस` जातिलाई सन् १३-१४ औं शताब्दीतिर परेको हिन्दू असर पनि एउटा उदाहरण हो । [८] तराईका `कोच` जाति पनि १६- रौं शताब्दीतिर धर्मको आडमा `हिन्दू राजवंशी`, `मुसलमान राजवंशी`, ` र `पानी वा` बाबुकोच` भएको पनि हामीलाई थाहा भएकै हो । [६] केही मगरहरूले अफै आफूलाई `ठकुरी` भन्ने गरेका सुनिन्छ । हुम्लामा खेती गरी स्थायी बसोबास गर्ने अर्को एक व्यांसी जाति (जसले आफ्नो भाषा, धर्म र संस्कार बिर्सिसके) अहिले आफूलाई `व्यांसी` भनेका`सम्म सुन्न सक्दैनन् । विगत १०-१२ वर्ष भित्रको कुरा हो, थाकखोलाका थकालीहरूले आफूलाई तिला र सिंजा खाल्डो (जुम्ला) का ठकुरीका सन्तान भनी आफ्नो तिब्बर्मेली भाषा ( Tibeto-Burman Language ) लाई नेपाली र आफ्नो परम्परागत बौद्ध धर्मलाई हिन्दू बनाउन अभियान चलाए । [८]

यी उदाहरणहरूले आदिकालमा नेपालको मध्य पहाडी क्षेत्र, कछाड र तराईमा वसोवास गर्ने तान्त्रिक मत वा बौद्ध-धर्मावलम्बी जातिहरू माथि हिन्दू धर्मको प्रचार प्रसारको प्रक्रिया संक्षेपमा संफाउदछ ।

<u>खम्बा जाति</u>:

अर्ध-भ्रमणशील खम्बा जातिलाई ग्रीष्म र शीत वासस्थान, भ्रमण क्षेत्र, स्थायी वसोंवास क्रम, पेशा, व्यापार, भाषा, वेषभूषा आदिको आधारमा निम्न भागमा बाढ्न सकिन्छ :-

१ . दड०गाली खम्बा

२ . डाडाखेत खम्बा

३ . मन्दरा खम्बा

४ . डिल्लीकोट-हुरीकोट खम्बा

अब हामी प्रत्येक खालका खम्बाहरूको संक्षिप्तमा बेग्ला बेग्लै वर्णन गर्ने छौं ।

<u>दड्०गाली खम्बा</u> :- यिनीहरू वैशाखतिर सांपे (जुन अछाम, सेती अन्चलको कुन्ना खोला

भित्र पर्दछ) छोडी ठाडे ढुंगा, यारी (हुम्ला-ताक्लाकोट बीच पर्ने नेपाल चीन सिमानाको नेपाल तर्फको अन्तिम गाउं) आई बस्दछन् । असौज लाग्ने बित्तिकै यस इलाकामा जाडो हुन थाल्दछ र दङगाली खम्बाहरू पनि ठाडे ढुंगा, यारी (जस्को उचांइ करीब १६५०० फीट छ) छोडी सांपेको लागि ओरालो लाग्दछन् । यसरी यिनीहरू ५ महीना ठाडे ढुंगा यारीमा, ५ महीना सांपे अछाममा र २ महीना उकालो - ओरालोमा बिताउछन् । यसैले स्थानीय मानिसहरू दङगाली खम्बाहरूको वारे एउटा उखान पनि गर्दछन्-'बर्खा ठाडे ढुंगा, हिउंद सांपे अछाम' । दङगाली खम्बाहरूलाई अछाम सांपेमा बस्ने भएकोले 'सांपे खम्बा' पनि भनिएको सुनिन्छ ।

दङगाली खम्बाहरू ग्रीष्म र शीत वासस्थान दुवैमा पाल[१०] हाली बस्ने गर्दछन् । यिनीहरूको घर हुंदैन । पाल ढुंगाको केही अग्लो पर्खाल वा फेरूवा[११]को घेरा लगाई कम हावा छिर्ने बनाइन्छ । यस्तो पाल राख्ने ठाउंलाई तिब्बती भाषावाट 'ले' अथवा 'लाई' भनिन्छ । खच्चर, जोपा[१२] तोल्बा[१३], घोडा, मेडा, बाख्रा आदिमा पाल, भांडा कुंडा र अरू सरसामान बोकाई ग्रीष्म र शीत वासस्थानको लागि वंसाई सरी हिड्ने गर्दछन् ।

यिनीहरू गाई, तोल्बिनी (तोल्बाको स्त्रीलिङ) आदि पनि संगसंगै लिएर हिड्ने गर्दछन् । दङगाली खम्बाहरूको शीत वासस्थान मध्य पहाडी क्षेत्रमै पर्ने भएकोले जोपा, तोल्बा, तोल्बिनी जस्ता उत्तरी हिमाली भेकका पाल्तु जन्तुहरू शीत वासस्थानसम्म पुग्न सक्दछन् । खच्चर पाल्ने पनि खम्बाहरूमा यिनै हुन् । दङगाली खम्बाहरूसंग छयाङलु (तिब्बती वा छोवा मेडा, जसको ऊन एकदमै राम्रो हुन्छ), रोङलु (हुम्ली-जुम्ली मेडा, जसको ऊन केही नम्रो हुन्छ) र केही स्याक्चा (छयाङलु र रोङलुको संकर) बाख्रा च्याङग्रा आदि छन् । यिनीहरू यी सबै पाल्तु जन्तुहरू साथैमा लिएर हिड्छन् तर आजकल कसै कसैले गाई र घोडालाई ठाडे ढुंगा, यारी नलगी बाटोमा पर्ने शंखा 'लगना' (भन्ज्याङ) मा आफ्नो परिवारको कुनै सदस्य वा गाँउले इष्टमित्रसंग छाड्ने पनि गर्दछन् ।

व्यापार गर्दा यी दङगाली खम्बाहरू ताक्लाकोट (तिब्बत), हुम्ला, बझाङ, बाजुरा, अछाम, डोटी, कैलाली र बर्दिया घुम्दछन् । यिनीहरूको मुख्य व्यापार गर्ने केन्द्रहरू तिब्बतमा ताक्लाकोट (यारी देखि मेडा संग २ दिनको बाटो) र तराईमा राजापुर (जसलाई स्थानीय मानिसहरू 'गोलागाट' भन्दछन्) र नेपालगंज हुन् ।

केही दङगाली खम्बा परिवारहरू गुम्बागाउं (कुंवारी खोला), मुचु, याङसी (यारी) मा घर बनाइ स्थायी रूपले बसोवास गर्न खोजेको पनि देखिन्छ । दङगाली खम्बाहरूले स्थायी

बसोवासको लागि रिडीकोट वा गुम्बा गाऊं (कुंवारी खोला मित्र, शंखा लगनानिर) माग गरी स्थानीय जिल्ला पन्चायत र प्रमुख जिल्ला अधिकारी कार्यालयहरूमा दर्खास्त दिएको पनि सुनिन्छ ।

डाडाखेत खम्बा:- डाडाखेत खम्बाहरू चैततिर सुर्खेतबाट उकालो लागि बैशाखको अन्ततिर डाडा खेत (करण दरा, मुगु) पुग्दछन् । डाडाखेत खम्बाहरूको यो ग्रीष्म वासस्थानमा सानो ढुंगाको गारा र थाडा ( Flat roof ) भएका घर छन् भने यिनीहरू सुर्खेतमा दङगाली खम्बा भैं पाल नै हाली बस्दछन् । यिनीहरू आफू साथ घोडा, मुगु भेडा, बाख्रा, स्याक्टा[१४] र गाई आदि लिएर हिड्ने गर्दछन् ।

यिनीहरूको शीत वासस्थान सुर्खेत - कछाड दूनमा पर्ने भएकोले जोपा, जुमा, तोल्बा, तोल्बिनी जस्ता हिमाली भेकका पाल्तू जन्तुहरू सुर्खेतसम्म पु-याउन सक्दैनन् । यसैले गाउंमै केही मानिसहरू (जस्लाई 'लोरा' भनिन्छ) राखिन्छन् । लोराले घर, गाईबस्तु, वाली नाली आदिको हेरचाह गर्नु पर्दछ र उसले पारिश्रमिकको रूपमा गाउंका अरू मानिसहरूबाट (जग्गा जमिन र गाई बस्तुको आधारमा) अन्न पाउने गर्दछ ।

व्यपारको सिलसिलामा यी खम्बाहरू तिब्बत (चैप्टु, पोङजू), मुगु, हुम्ला, जुम्ला, तिब्रीकोट, दैलेख, सुर्खेत, बांके, बर्दिया घुम्ने गर्दछन् । यिनीहरूको मुख्य व्यपार केन्द्र पोङजु (मुगु गाउंदेखि भेडासंग ६ दिनको बाटो) र तराईमा नेपालगंज (सुर्खेतदेखि भेडासंग ४ दिनको बाटो) हुन् । कोही कोही तराईको राजापुर पनि जाने गरेको सुनिन्छ ।

डाडाखेत खम्बाहरूको ग्रीष्म वासस्थान, डाडाखेतमा यिनीहरूले केही जमीन आवाद गरेका छन् । यी जमीनको लागि यिनीहरू `सेर्मा` (जमीन दर्ता नगराइ भोग चलन गर्दा सरकारलाई तिर्ने पर्ने महशुल) तिर्ने गर्दछन् । यस जमीनमा यिनीहरू वर्षे बाली (कोदो, फापर-तीते मीठे, कागुनो, मार्से, आलु, मूला, कोइरा) र हिउंदमा जौ, गहुं, उवा उब्जा-उछन् । केही डाडाखेत खम्बाहरूले सुर्खेतमा खेत पनि लिएका छन् । उनीहरू आफ्नो जमिन सुर्खेतका थारू जातिलाई अधिया वा कुतमा कमाउन दिन्छन् ।

यी खम्बाहरूको शीत वासस्थान `सुर्खेत` बारे पनि केही लेख्नु पर्दछ । २०२२ साल भन्दा अघि सुर्खेतलाई `कालापानी` भनिन्थ्यो । स्थानीय मानिसहरू (जो आजकल जुम्ला, दुल्लु-दैलेख, जाजरकोट, सल्यान आदि ठाउंबाट आई सुर्खेतमा स्थायी रूपले बसेकाछन्) पनि खाल्डो-मा बस्न डराई सुर्खेत उत्तरतिरको डाडा जस्तै गोठीकाडा, राम्री काडा, बयल काडा, कटुका, जारबुट्टा आदि तिर बस्थे । डाडा खेत खम्बाहरू पनि कहिले खाल्डोमा भर्दैनथे ।

यिनै माथिका गाउंहरू वा दुल्लुदैलेखतिर यिनीहरू आफ्नो शीत वासस्थान बनाउथे । यिनीहरू 'शीत' र 'घाम' (औल) देखि असाध्य डराउछन् । २०२३ सालमा औलो उन्मुलन लागु गरिएपछि खम्बा तथा स्थानीय मानिसहरू खाल्डोमा फरी बसोवास गर्न थालेका हुन् । अर्को सुर्खेत खाल्डोमा पूष माघतिर एउटा 'लेउ' भन्ने फारको टूसा पलाउंछ । यो फारको टूसा खाएमा गाईबस्तु, भेडा बाख्रा,(घोडा बाहेक) लाई पखाला लागेर, पेटमा कीरा परेर, घाटी सुनिएर मर्दछन् भन्ने मनाइ छ । यस कारण अर्फै पनि मानिसहरू गाईबस्तुलाई सुर्खेत वरिपरिको पहाड मै चराउछन् । खम्बाहरू खाली घोडा चराउन र पाल हाली बस्न मात्र सुर्खेतमा फर्दछन् । अहिले सुर्खेतमा हिउंदे बाली (गहुं, जौ) रोप्ने अभियान चल्दैछ । यसको असर अवश्य यी खम्बा र अरूमा पर्नेछ ।

<u>मन्दरा खम्बा</u> :- मन्दरा खम्बाहरू मन्दरा (चौधवीस दरा, तिब्रीकोट) बस्ने खम्बाहरू हुन् । यिनीहरूको प्राय: सवै कुरा डाडाखेत खम्बाहरूसंग मिल्दछ । यिनीहरू पनि डाडाखेत खम्बाहरूसंग संगै चैततिर सुर्खेतवाट वाटो लागी बैशाखको अन्ततिर मन्दरा (ग्रीष्म वासस्थान) आइपुग्छन् अनि ५ महिना जति बिताई अशोजतिर फेरि सुर्खेत (शीत वासस्थान) फर्दछन् । धेरैजसो मन्दरा खम्बाहरूको पनि ग्रीष्म वासस्थानमा केही सा-साना घर छन् तर कसैले भनें दह०गाली खम्बा जस्तै पाल राखी बस्ने गर्दछन् । सुर्खेतमा यिनीहरू सवै पाल मै बस्दछन् ।

मन्दरा खम्बाहरू डाडाखेत खम्बाहरूले जस्तो ग्रीष्म वासस्थानमा 'लोरा' छोडदैनन् । यसैले उनीहरू जोपा, जुमा, तोल्बा, तोल्बिनी आदिलाई नजीकै चौध बीसदराका मतुवाली दात्री गाउंतिर छोडने गर्दछन् । पछि खम्बाहरू सुर्खेतबाट फर्केर आएपछि यी मतुवाली दात्रीहरूलाई नून वा पैसाको रूपमा पारिश्रमिक चुकाउने गर्दछन् । यिनीहरू खाली भेडा, बाख्रा, घोडा र केही गाई साथ लिई हिडदछन् । अशोज निकल्दै हिउंदे वाली (गहु, उवा र जौ) छरी ओरालो लाग्दछन् । मंसिर पौषतिर हिउं पर्दछ र हिउंले जमीननै ढाकी दिन्छ । बाहिरबाट गाई बस्तु आई अन्न बाली बिगार्न सक्दैनन् । फाल्गुन जादो हिउं पग्लन्छ र हिउंदे वाली बढन थाल्दछ । बैशाखमा यी खम्बाहरू वाली काट्न आई पुग्छन् । सुर्खेतमा बस्दा मन्दरा गाउं भएर आउने कुनै पनि मानिसलाई गांउ, अन्न वालीको खबर सोध्न भनें बिर्सदैनन् ।

डाडाखेत खम्बाहरूको जस्तै मन्दरा खम्बाहरूको पनि सुर्खेतमा खेत छ (करीब १२ डाडा खेत र मन्दरा खम्बा परिवारहरूले सुर्खेतमा खेत किनेका छन्) । यसलाई थारूजाति नै अधियामा कमाउंछन् । पहाडको केही जमीनलाई सिर्तो तिर्दछन् । डाडाखेत खम्बा जस्तै यिनीहरू पनि

२०२३ सालदेखि मात्र सुर्खेत खाल्डोमा पाल हाल्न र घोडा पाल्न भर्न थालेका हुन् ।

आजकल १०।१२ घर मन्दरा र डाडाखेत खम्बाहरू आफ्नो ग्रीष्म वासस्थान क्रमश: मन्दरा र डाडाखेत नफर्कने पनि गर्दछन् । ग्रीष्म कालका ५ महिना सुर्खेत खाल्डो वरिपरिका गोठी-काडा, राम्री-काडा, कटुका, जार बुट्टा आदिमा बिताउछन् ।

यी मन्दरा र डाडाखेत खम्बाहरू नून, ऊन, चामल र अरू अन्नको व्यपार देखि बाहेक पहाडवाट अत्तिस, कट्को, हात्ते जडी जस्ता जडीबुटी पनि बटुली वा खरीद गरी नेपालगंज-राजापुर लगी बेच्दछन् । यी खम्बाहरू घोडा-पालनमा पनि निकै नामीछन् ।

डिल्लीकोट-हुरीकोट खम्बा :- डिल्लीकोट - हुरीकोटका ६।७ गाउं (जस्तै डिल्लीकोट, चौतारा, चौरीकोट,हुरीकोट, कै गाउं, वालुङ०चौर, थांके - ताराकोट,रामीडाडा-बारीकोट) का खम्बाहरूलाई यस अन्तर्गत लिइएको छ । आजकल यी खम्बाहरू दंगाली, डाडाखेत र मन्दरा खम्बाहरू जस्ता अर्ध-भ्रमणशील नभई स्थायी रूपले बसोवास गरी सकेका छन् । केही समय पहिले सम्म यिनीहरू पनि अर्ध-भ्रमणशील थिए भन्ने भनाई छ । यिनीहरूमध्ये कोही शीतकालका ६ महीना गुम्राघाट (जाजरकोट, भेरी नदीको शीर ),डोर चौर (बाङ०लुङ०) तिर बिताउथे भन्ने ग्रीष्मका ६ महिना डिल्लीकोट, हुरीकोट, चौरीकोट,ताराकोट, बारीकोट आदिमा बिताउथे ।

यिनीहरूमध्ये कोही जिम्मावाल पनि थिए । अहिले धेरै जसोले जग्गा जमीन दर्ता गराई सरकारलाई तिरो तिर्ने गर्दछन् । अरू जातिहरू जस्तै खेतीवाट फुर्सद पाएको बेला व्यपार गर्न भनें छाडदैनन् । व्यपार गर्दा यी खम्बाहरू मुगु, डोल्पो, तिव्रीकोट, जाजरकोट, रूकुम, रोल्पा र सल्यान घुम्ने गर्दछन् । डिल्लीकोट-हुरीकोट खम्बाहरूका ४।५ पुस्ता पहिलाका पूर्वजहरू तिव्वतवाट मुस्ताङ० आएको कुरा बताउछन् । मुस्ताङ्० राजाले यिनीहरूलाई नेपाली नागरिकता प्रदान गरेपछि त्यहांबाट यस क्षेत्रमा आएका रहेछन् । केही समय पहिले सम्म यी खम्बाहरू मुस्ताङ्० राजालाई कर (Tribute) को रूपमा घरको रू १।- तिर्ने पनि गर्दथे । उनीहरूसंग मुस्ताङ० राजावाट दिइएको ताम्रपत्र पनि भएको कुरा सुनिएको छ । यिनीहरू मुकुल र सोमगाडा भएर मुस्ताङ० जाने गर्दथे । केही पुस्ता पहिलेसम्म यिनीहरूको नाम मोटे जातिहरूको जस्तै थियो तर अब नाम मतुवाली क्षेत्रीहरूको जस्तै राखिन थालिएको छ । यिनीहरू जोपा, जुंमा, तोल्वा, तोल्विनी पाल्दछन् कसै कसैले उचांइ तिर चौरी पालेको देखिन्छ ।

सामाजिक अवस्था :-

धर्म:- खम्बाहरू बौद्धधर्माबलम्बी जाति हुन् । भ्रमणशील भएर पनि यिनीहरूले आफनो पुर्खादेखि मानिआएको धर्म अफै बचाएको देखिन्छ । मन्दरा र डाडाखेत खम्बाहरूको मन्दरा र डाडाखेत गाउंहरूमा सानासाना गुम्पा (गुम्बा) पनि छन् । यस बाहेक घर घरमा मूर्ति, टांका (चित्र)आदि राखी पूजा गर्दछन् । `लाकाङ०` (बौद्ध धर्म सम्बन्धी पुस्तक राख्ने घर) पनि भएको देखिएको छ । सुर्खेत, सांपेतिर बस्दा पालमै पनि सानो सानो गुम्बा सजाएर राख्दछन् । यस बाहेक यी खम्बाहरू नजीकको भोटे गाउंहरूको गुम्बाहरूमा (जस्तै दङ०गाली खम्बाहरू हुम्लाका केर्मी, मुचु, तुम्कोट, याङ०सी गुम्बाहरूमा र डाडाखेत र मन्दरा खम्बाहरू करण र मुगु दराका गुम्बाहरूमा) तीर्थ गर्न, बत्ती बाल्न जाने गर्दछन् । समय समयमा यी खम्बाहरू आफ्ना आफ्ना ग्रीष्म र शीत वासस्थानमा 'टुल्कु' (अवतारी लामा), अरू ठूला ठूला गुम्बाहरूका लामालाई निम्त्याइ ज्ञान (पूजा-यज्ञ) गर्ने गर्दछन् । डिल्लीकोट-हुरीकोट खम्बाहरू पनि पहिला तिब्बततिरवाट लामा फिकाई ज्ञान गराउथे । गाउं गाउंमा पनि १।२ लामाहरू भएको सुनिएको छ ।

भाषा :- दङ०गाली, डाडाखेत, मन्दरा, डिल्लीकोट-हुरीकोट खम्बाहरू तिब्बती भाषा बोल्दछन् । तिब्बतको बिभिन्न भागमा एउटै वा बेग्ला बेग्लै जातिहरूले फरक फरक तिब्बती भाषा बोलेफैं यी खम्बाहरू पनि एक अर्कोसंग केही नमिल्ने भाषा बोल्दछन् । यसरी नमिल्नुको मुख्य कारणहरू मध्ये, भौगोलिक पृथकता, बिभिन्न ऐतिहासिक पृष्ठभूमि, सम्पर्कमा आउने विभिन्न जातिहरूको प्रभाव आदि हुन् । दङ०गाली खम्बाहरूको बढी आवत जावत र संगत `सात थपले `(उत्तर पश्चिमी हुम्ला क्षेत्रमा बस्ने एक खालका भोटे जाति) संग भएकोले भाषा पनि उनीहरूसंगै मिल्दछ । मन्दरा र डाडाखेत खम्बाहरू करणे (करण दराका भोटे जाति) जस्तो भाषा बोल्दछन् । यी व्यपारी खम्बाहरू नेपाली पनि राम्ररी बोल्न जान्दछन् ।

वेषभूषा :- खम्बा लोग्ने मानिसहरू ग्रीष्म वासस्थानमा बस्दा उत्तरी हिमाली भेकका भोटे जाति जस्तै भेड़ाको ऊनवाट बनाइएको बख्खु लगाएको देखिए पनि मध्य पहाडी क्षेत्रका अरू जाति सरहनै दौरा, सुरुवाल, कमिज, कोट, टोपी आदि लगाउने गर्दछन् । मन्दरा र डाडाखेत खम्बा आइमाइहरू लुगाफाटामा करण र मुगु दराका भोटे आइमाइहरू-संग छुट्टिन्दैनन् भने दङ०गाली खम्बा आइमाईहरू बढी अछामे आइमाई जस्तै सारी चोलो लगाएको देखिन्छ ।

विवाह :- भौगोलिक दूरीको कारणले यी खम्बाहरू एक अर्कासंग वैवाहिक सम्बन्ध चाहेर पनि राख्न सकेका छैनन् । माथिका ४ विभिन्न खालका खम्बाहरूलाई तीन बेग्ला बेग्लै अन्तर वैवाहिक एकाई (Endogamous unit) हरूमा बाढ्न सकिन्छ । दङ०गाली, मन्दरा-डाडाखेत र डिल्लीकोट-हुरीकोट खम्बाहरू । केही दङ०गाली-मन्दरा र दङ०गाली-डाडा खेत खम्बाहरूमा पनि वैवाहिक सम्बन्ध भएको थाहा भएको छ । तर डिल्लीकोट-हुरीकोट खम्बा र अरू खम्बाहरूमा भनें विवाह सम्बन्ध रहेको एउटा पनि उदाहरण पाइएन । बरू डिल्लीकोट-हुरीकोट खम्बा र मतुवाली दात्रीहरूको बीच वैवाहिक सम्बन्ध र भात भान्सा चल्न थालेको देखिन्छ । दङ०गाली खम्बाहरू र मुचु - तुम्कोटका सात थपलेहरूसंग विवाह भएको भेटिएको छ । यस वाहेक अरू बाह्य वैवाहिक सम्बन्ध ( Exogamous marriage Relation ) राखिएको थाहा छैन ।

शारीरिक अवस्था :-

सामाजिक संस्कार, संस्कृति, भाषा, धर्म आदि लुकाउन पनि सकिन्छ, बदल्न पनि सकिन्छ । अरू जाति, धर्म आदिको पेच प्रभावमा परेर बदल्न नचाहंदा पनि बदल्नु पर्ने स्थिति आउंछ । यस्तो समयमा जाति र ऐतिहासिक पृष्ठभूमिको तथ्यलाई कसी लगाउन शारीरिक अवस्थाको अध्ययन ठूलो सहयोगीको रूपमा उभिन्छ । शारीरिक अवस्था अरू जाति, धर्म आदिको पेच प्रभावले फरक हुन सक्दैन । बरू जैविक, भौगोलिक आदि वातावरणमा भनें बदल्न सक्दछ । यसभन्दा पनि शारीरिक अवस्थामा पर्ने अर्को डरलाग्दो प्रभाव वैवाहिक सम्बन्धको प्रकार आदि हो । यसर्थ शारीरिक अवस्थाको अध्ययन गर्नुभन्दा पहिले विवाह पद्धतिको अध्ययन अनिवार्य हुन आउंछ ।

हामीले माथि वर्णन गरे जस्तै खम्बाहरू अधिकतम अन्तर वैवाहिक समूह हुन् । यसर्थ यस जातिमा अरू जातिहरूको प्रजातीय गुण (Strain) लिइएको र यस जातिले अरू जातिलाई आफ्नो प्रजातीय गुण दिएको देखिदैन । अब यस जातिमा भएका वंशात्मक गुणहरू ( Hereditary Traits ) आफ्नै पिता पुर्खाबाट लिइएका हुन् भनी मान्नु पर्दछ । यसर्थ अहिले उनीहरूमा पाइने शारीरिक अवस्थाहरूको आधारमा खम्बाहरूलाई जातीय वर्गीकरण गरिनु पर्दछ :-

कालो, खस्रो केश, गहुं गोरो वर्ण, सानो तर केही खैरो आंखा, आंखाको माथिल्लो ढकनीमा मंगोलोयड फोल्ड (Mongoloid Fold) भएको, होचो नाक, दाढी, जुंगा र शरीरको रौं कम भएको, ठिकैको कद आदि नै खम्बाहरूको शारीरिक बनावटका संक्षिप्त

वर्णन हुन् । यसर्थ खम्बाहरूलाई शारीरिक अवस्थाको आधारमा वर्गीकरण गर्नु पर्दा मंगोल-स्कन्ध ( Mongoloid Stock ) का तिव्वती - मंगोल ( Tibeto-Mongoloid ) शाखामा राख्न पर्ने देखिन्छ । तर तिव्वती मंगोल शाखामा आउने अरू तिव्वत र हुम्ला-मगुका भोटे जातिहरू भन्दा खम्बाहरू केही फरक नै देखिन्छन् । यसरी शारीरिक वनावटमा समानता नहुनुमा विभिन्न कारण हुन सक्छन् , जस्तै :- खम्बा र भोटे जातिमा वैवाहिक सम्बन्ध नहुँदा पृथक-करण (Isolation) हुनु , विभिन्न जैविक (Biological) वा भौगोलिक (Geographical) पर्यावरण (Environment) मा पर्नु , विभिन्न खालका खम्बाहरूमा वैवाहिक सम्बन्ध नभए को र एक अन्तर वैवाहिक एकाइको जनसंख्या सानो भएर अन्त: प्रजनन वा अन्तर्यौन सम्बन्ध (Inbreeding) कायम हुनु , वर्णसुत्र (Chromosome) वा वाहकाणु ( Gene ) मा आकस्मिक परिवर्तन (Mutation) हुनु , प्राकृतिक चुनाव (Natural selection) हुनु आदि हुन् । यसरी खम्बाहरूमा अरू भोटे जातिको अपेक्षा एउटा बेग्लै प्रकारको सूक्ष्म विकास ( Micro-evolution ) भयो जसको फलस्वरूप अरू भोटे जातिभन्दा शारीरिक अवस्थामा केही बेग्लै देखिन आए ।

आर्थिक अवस्था

व्यपार , खेती , घरेलु उद्योग जस्ता मुख्य पेशालाई खम्बाहरूको आर्थिक अवस्थाको आधार मान्नु पर्दछ । माथि भनिए भैँ खम्बाहरूको मुख्य पेशा व्यपार हो । यसैले खम्बाहरूको स्थान व्यपारको क्षेत्रमा हुम्ला-जुम्लाका जातिहरूमा प्रथम र सुदूर पश्चिमान्चलका जातिहरूको तुलनामा द्वितीय हुन आउछ ।

खम्बाहरूमा पनि दङगाली खम्बाहरू सबैभन्दा ठूला व्यपारी हुन् । दङगाली खम्बा-हरू भेडा, बाख्रामा 'लुकाल'(जाउली) र घोडा, खच्चर, जोपामा "ख्याङ"(ठूलो जाउली) बोकाई अन्न (चामल, डग्रेल - आधा चामल आधा धान, गहुं, उवा, मकै आदि) लिएर बैशाखको अन्ततिर सांपेबाट यारी आउंछन् । यस अन्नलाई यारी मै वा यारीमा नून नपाए ताक्लाकोट पुगी भोटेहरूसंग नून साट्दछन् । यिनीहरू नून लिएर अछाम नै पुगी हाता हाती वा उधारो अन्नमा लगाई फेरि सांपेबाट अरू अन्न लिएर असारमा फेरि यारी आउछन् । यारीमा बसेपछि यारी ताक्लाकोट धेरै पल्ट ओहोर दोहोर गरी अन्नबाट नून साटी यारी-मा थुपार्छन् । यसै बेला ऊन, भेडा, च्याङग्रा, जोपा आदिको पनि व्यपार गर्दछन् । यसरी असारदेखि असोजसम्म यारी - ताक्लाकोट यात्रापछि कार्तिक शुरूमै यिनीहरूको यारी-सांपेको यात्रा शुरू हुन्छ । यस नूनलाई यारी देखि सांपेबीचमा पर्ने भोटे, ठकुरी, थर क्षेत्री गाउंहरूमा साटी अन्नलाई सांपेमा थुपार्छन् । यसै अन्नलाई खानमा पनि प्रयोग गर्दछन् । अनि

यी खम्बाहरू मंसिरदेखि फाल्गुन सम्ममा बढीमा २ पल्ट साँपे-राजापुर वा साँपे-नेपालगंजको व्यापार यात्रा गरी देशी (भारतीय) नून पैसामा किनी ल्याई फेरि बाजुरा, तिर डोटीको भाग र अछाम,(सबैभन्दा उत्तरमा रासकोट दरासम्म देशी नून पुग्दछ) र अन्नसंग साट्दछन् । यस अन्नलाई फेरि आउंदो बैशाख-जेष्ठदेखि ताक्लाकोटको व्यापार यात्रामा लैजान्छन् ।

मन्दरा र डाडाखेत खम्बाहरूको व्यपार दोत्र दङ०गाली खम्वाहरूको भन्दा बेग्लै भए जस्तै व्यपार गर्ने समय र तरिका पनि केही फरक छन् । बैशाखतिर सुर्खेतबाट अन्न (बिशेष चामल) भेडा, बाख्रा, घोडामा बोकाई यिनीहरू आफ्नो आफ्नो ग्रीष्म बासस्थानमा पुग्दछन् । केही समय खेती पातीमा बिताई आफ्नो घरको गहुं, जौं,उवा, र सुर्खेतबाट ल्याएको चामल लिई यी खम्बाहरू श्रावणातिर मुगु उत्तर पोड०जू [१५] (तिव्बत) मा भोटे नून र केही ऊन साट्न पुग्दछन् । यी खम्बाहरू प्राय: सालको एकपल्ट मात्र पोड०जू जाने गर्दछन्। बरू मुगु र करण दराका भोटेहरूसंग अरू अन्नमा नून साट्दछन् । यसरी जम्मा गरेको नून लिएर यिनीहरू जुम्ला, तिब्रीकोटतिर अन्नसंग साटी, केही भोटे नून लिएर सुर्खेतलाई ओरालो लाग्दछन् । बाटोमा पर्ने जुम्ला, दुल्लु दैलेखका गाउंहरूमा भोटे नून (स्थानीय मानिसहरू देशी नून भन्दा भोटे नून मन पराउंदछन्) अन्नसंग साटी अन्नै लिएर सुर्खेत पुग्दछन् ।

सुर्खेतमा बस्दा मंसिर र पूषमा एक पल्ट देशी नून लिन भेडा, बाख्रा (दुवैलाई समुहमा `पाठा` भनिन्छ) लिएर नेपालगंज जान्छन् । नून खरीद गरी सुर्खेत खाल्डोमा ल्याई अन्न (चामल, मकै,कोदो मा साट्दछन् । यदि व्यपार राम्रो भएमा फाल्गुनमा पनि यी खम्बाहरू नून लिन नेपालगंज जान्छन् । यसरी फाल्गुनमा ल्याईएको देशी नूनलाई सुर्खेत खाल्डो, दुल्लु-दैलेखतिर अन्नसंग साटिन्छ । यही अन्नलाई पहाड पु-याइन्छ र आउने साल तिव्बत जांदा यही अन्न लगिन्छ ।

खम्बाहरूको दोस्रो पेशा खेती बारे प्रत्येक खम्बाहरूको परिचय लेख्दा नै संक्षेपमा भए पनि वर्णन गरी सक्यौं । घरेलु उद्योगमा दङ०गाली खम्बा आइमाईहरू लिउ (छ्याङ०लु भेडाको ऊनबाट बनाइएको ओछ्याउने), फेरूवा, पाखी आदि बनाउछन् । यिनीहरूको तान हुम्ली तान (जस्लाई बसेर बुन्नु पर्दछ) जस्तै छ । यसरी नै मन्दरा र डाडाखेत खम्बा आइ-माइहरू लिउ, दाना (सानो गलैंचा जस्तो ओछ्याउने) हुम्ली तानमा बुन्दछन् । यिनीहरू अरू कपडाहरू पनि जमीनदेखि माथि उठाएर राखिएको एक अर्को खालको तानमा बुन्ने गर्दछन् ।

उपसंहार :-

यसरी हामी कर्णाली, सेती, भेरी र राप्ती अन्चलहरू जस्ता ठूला भौगोलिक क्षेत्रफल भित्र छरिएर बसोवास गर्ने गरेका एउटा सानो जनसंख्या भएका अर्ध-भ्रमणशील जातिलाई 'खम्बा' जातिमा लिन्छौं । यसै क्षेत्रको उत्तरी हिमाली भेकका भोटे जातिहरूसंग खम्बाहरूको समानताले दुवै जातिको समान जातीय इतिहास देखाउन सघाउ पु-याउंछ । यी भोटे जातिहरू स्थायी भएर बसिसकेकाछन् । खम्बाहरूमा पनि डिल्लीकोट - हुरीकोट खम्बाहरूले आफ्नो जग्गा जमीन दर्ता गराई स्थायी बसोवास गरी सकेकाछन् । मन्दरा र डाडाखेत खम्बाहरूले सुर्खेतमा खेत किनेका छन् भने पहाडमा पनि जमिन आवाद गरी घर बनाएर बस्न थालेका छन् । केही दङ०गाली खम्बाहरू स्थायी बसोवास गर्न चासो देखाएको देखिए पनि धेरैजसो खेती नै गर्दैनन् जमीन पनि छैन ।

यसरी बसोवास गर्ने क्रमको आधार हेर्दा भोटे जाति पहिला नेपाल आई भ्रमणशील भएर बसे । व्यापारको लागि उत्तरी हिमाली भेक र मध्य पहाडी इलाका चहारे । स्थायी बसोवास गरेर आजकल बसेका छन् । खम्बाहरू भोटेहरूभन्दा पछि आई कोही स्थायी रूपले बसी सके भने कोही अफै अर्ध-भ्रमणशील नै छन् ।

यसरी भ्रमणशील अवस्थाबाट अर्ध-भ्रमणशील अवस्थामा आउनु आजसम्मको खम्बाहरूको इतिहास हो । केही समयपछि यिनीहरू स्थायी भएर बस्न सक्नेछन् । यस्तो अल्पसख्यक जाति-लाई स्थायी रूपले बसोवास गराउन र उनीहरूको सांस्कृतिक परम्परा बचाउनको लागि सह-योग गर्नु आज हाम्रो कर्तव्य देखिन आउंछ ।

## टिप्पणी

१। राउटे पश्चिम नेपालका सल्यान, रोल्पा, रूकुम, डोल्पा, तिब्रीकोट, जुम्ला, मुगु, हुम्ला, दैलेख, जाजरकोट, डोटी, अछाम, वाजुरा, बफाङ०, वैतडी, दार्चुला जस्ता जिल्लाहरूको १२ वर्षमा एक चोटी भ्रमण क्रम पुरा गर्ने एक भ्रमणशील जाति हुन् । यिनीहरू तराई र कछाडतिर भर्दैनन् । आजकल भने यिनीहरू सुर्खेत र दाङ० सम्म भर्न थालेका सुनिन्छ । यिनीहरूको स्थायी रूपले बसोवास गर्ने कुनै खास क्षेत्र छैन । यिनीहरू पानी नजीक भएको जंगलका ठाउंमा स्याउलाको 'राउटी' (कटेरो) हालेर बस्दछन् । जंगलबाट दार, खर्सु, ठिंगो, मुंज आदि रूखहरू काटी यसबाट भांडा कुडा, खाट, टेवल, कुर्सी आदि बनाई पैसामा बेच्दछन् वा अन्नसंग साट्दछन् । यिनीहरूको आफ्नै 'राउटे' भाषा छ । नेपालको जातिहरूमा यी ज्यादै अल्पसंख्यक (हालमा करीब १५० जति मात्र) भएको अनुमान लगाइन्छ ।

२। कुसुण्डा पनि पहिला राउटेहरू जस्तै भ्रमणशील जाति हुन् । यिनीहरू अल्लो, सिस्नु, मांग्राको धागोबाट बनाइएको लुगाफाटा ओढी जंगल जंगल धनुवाण भिरेर घुम्ने गर्दथे । गाउंका मानिसहरू यिनीहरूलाई 'बनराजा' भन्ने गर्दछन् । यिनीहरूको आफ्नै 'कुसुण्डा' भाषा छ । आजकल यिनीहरू स्थायी रूपले वसोवास गरी खेती गर्न थालेको सुनिन्छ । राउटेहरू कुसुण्डालाई केही समयसम्म राजा मान्थे भन्ने भनाइ पनि छ ।

३। व्यांसी जाति दार्चुला (नेपाल) र धार्चुला (उत्तर प्रदेश) का अर्का अर्ध-भ्रमणशील जाति हुन् । यिनीहरूको मुख्य पेशा व्यापारनै हो । व्यपार गर्नमा सुदूर पश्चिमी नेपालमा व्यांसीहरूको स्थान पहिलो छ । थोरै जमीनमा खेती पनि गर्ने गर्दछन् । खच्चर, घोडा र भेडाबाख्रामा भारी बोकाई यिनीहरू तिब्बतबाट नून, ऊन ल्याउछन् भने नेपाल तराई तथा भारतबाट लत्ताकपडा, चामल र अरू अन्न तिब्बत पु-याउछन् । नेपाली व्यांसीहरूको ग्रीष्म वासस्थान तिङ०गर र छयांग्रु हुन् र शीत कालमा यिनीहरू दार्चुला बजारनिर (जसलाई पनि तल्लो तिङ०गर र तल्लो छयांग्रु भनिन्छ) बस्दछन् । यिनीहरू नेपाली, 'व्यांसी' र तिब्बती भाषा बोल्न सक्ने भएकोले 'सौका' पनि भनिन्छन् ।

४। <u>कजेज एण्ड इम्प्याक्ट्स अफ् माइग्रेशन</u>, प्रिलिमिनरी सर्भे इन् सुर्खेत रिजन, सेडा, काठमाण्डौं । सिफद्, जुरिच, मार्च, १९७३, पृ० ४

५। हुम्ला मुगुका भोटे जातिलाई वि.सं.१९११ सालको नेपाल-तिब्बत लडाइपछि र विशेष गरी पन्चायत व्यवस्था लागू भएपछि तिब्बतका अरू भोटे जातिसंग छुट्याउन सरकारी तहमा 'तामाङ्ग' भनिन्छन् । उनीहरूले आफूलाई 'तामाङ' भन्ने गरे पनि स्थानीय अरू हिन्दू जातिहरू यिनीहरूलाई अझै 'भोटे' वा 'जाड' नै भन्ने गर्दछन् । मध्य नेपालका तामाङ्ग जातिसंग केही ऐतिहासिक, भाषिक आदि सम्बन्ध भएको सुनिएको छैन । मध्य नेपालका तामाङ्ग जातिलाई पनि पहिला 'भोटे' नै भनिन्थ्यो । घोडा बेच्ने भएकोले पछि यिनीहरूलाई तामाङ्ग (ता-घोडा माङ-बेच्ने) भनिएको हो ।(विष्ट, डी०वी०, पिपल अफ नेपाल, डिपार्टमेन्ट अफ पब्लिसिटी मिनिष्ट्री अफ इन्फर्मेसन एण्ड ब्रोडकास्टिङ्ग, हिज् म्याजिस्टिज गवर्मेन्ट अफ नेपाल, १९६७, पृ० ४८)

६। राहुल सांकृत्यायन, किन्नर देश, १९४८, पृ० ३३-३४ ।

७। मतुवाली क्षेत्री अतागाधारी (जनै नलगाउने) तथा जाड रक्सी सेवन गर्ने पश्चिमी नेपालका क्षेत्री जातिलाई भनिन्छ । अरू थर (तागाधारी) क्षेत्रीको अपेक्षा यी मतवाली क्षेत्रीहरूको अनुहारमा पाइने मंगोल प्रजातीय गुण (Mongoloid strain) र यिनीहरूको सामाजिक रीतिस्थिति हेर्दा आदिकालका 'खस' जातिनै हुन कि भन्ने अडकल काट्न सकिन्छ ।

८। विष्ट, डी.वी., पिपल अफ नेपाल, डिपार्टमेन्ट अफ पब्लिसिटी, मिनिष्ट्री अफ इन्फर्मेसन एण्ड ब्रोडकास्टिङ्ग, हिज म्याजिस्टिज गभरमेन्ट अफ नेपाल, १९६७, पृ० १२४ ।

९। हडसन, बी. एच., मिसेलेनियस एसेज रिलेटिङ टू इन्डियन सबजेक्टस्, लण्डन ट्रुबनर, १८८० र च्याटर्जी, एस.के., किरात जनकृति, रायल एसियाटिक सोसाईटी अफ बेङगाल, १ पार्क स्ट्रिट, कलकत्ता १६, १९५१, पृ० ६०-६१।

१०। रोङलुको ऊनबाट बनाइएको 'पाखी' लाई भित्रबाट सेतो कपडा राखेर सिलाई बनाइएको हुन्छ ।

११। बाख्राको रौंबाट बनाइएको ओढ्नेलाई भनिन्छ ।

१२। चौरी गाई र लुलु (तिब्बती) गोरूबाट जन्मेको संकर पुरूषलाई भनिन्छ ।

१३। जुमा - (जोपाको स्त्रीलिङ०) र लिली वा खसी (साधारण) गोरुबाट भएको संकर (पुरुष) लाई भनिन्छ ।

१४। स्याक्चालाई मुगुतिर 'स्याक्टा' भनिन्छ ।

१५। पोङ०जू आजकल मात्र यस्तो व्यापारिक केन्द्र भएको हो । चीनियाहरु तिब्बत आउनु अघि चेप्टु (मुगु गाउं देखि भेडा संग ३ दिनको बाटो) मै नून-अन्नको व्यापार चल्दथ्यो। पोङ०जू जांदा धेरै मानिसलाई उचाइ मा हुने बिमारी (Altitude Sickness) हुने र भेडाहरु पनि मर्ने गरेको कथाहरु सुनिन्छन् । बाटोमा एउटा झार पनि पाइन्छ, जुन सुङ०नाले कपाल दुख्छ, बान्ता आउंछ भन्ने पनि विश्वास गरिन्छ । चीनियांहरु तिब्बत आए पछि केही साल चेप्टु पोङ०जू दुवै व्यापार केन्द्र बन्द हुंदा मुगुका अरु जातिहरु र यी खम्बाहरुलाई व्यापार गर्न ताक्लाकोट (मुगुबाट भेडासंग करीब २२ दिनको बाटो) नै पुग्नु पर्दथ्यो ।



ग्रीष्म वासस्थान ठाडे ढुंगाबाट शीत वासस्थान सांपे अछाम जान लागेको दङ्‌गाली खम्वा परिवार (मुचु, हुम्ला निर)



खच्चर, घोड़ा र जोपामा नुन, ऊन, पाल र लुगाफाटा बोकाइ सांपे अछाम जादै गरेका दङ्‌गाली खम्वा परिवार (मुचु, हुम्ला निर)



शीत वासस्थान सुर्खेत खाल्डोमा डाडा खेत र मन्दरा खम्बा परिवारहरू